आज मिति २०७४।०७।२४ गतेका दिन राप्ती सोनारी गाउपालिकाको बैठक राप्ती सोनारी गाउपालिकाका अध्यक्ष श्री लाहुराम थारुको अध्यक्षतामा निम्न उपस्थितिमा बसी निम्न बमोजिमको निर्णय गरियो ।

## उपस्थिति

| | | |
|---|---|---|
| श्री लाहुराम थारु | अध्यक्ष | |
| श्री धनी कुमारी खत्री | उपाध्यक्ष | |
| श्री चन्द्र बहादुर वली | वडा अध्यक्ष वडा नं. | १ सदस्य |
| श्री मदन कुमार वली | ,, ,, ,, | २ सदस्य |
| श्री गंगाराम थारु | ,, ,, ,, | ३ सदस्य |
| श्री कान्छा थारु | ,, ,, ,, | ४ सदस्य |
| श्री झगरु थारु | ,, ,, ,, | ५ सदस्य |
| श्री जनक बहादुर थारु | ,, ,, ,, | ६ सदस्य |
| श्री रामलखन थारु | ,, ,, ,, | ७ सदस्य |
| श्री खुम बहादुर बस्नेत | ,, ,, ,, | ८ सदस्य |
| श्री महावीर वली | ,, ,, ,, | ९सदस्य |
| श्री दमकला जैसी | महिला सदस्य | सदस्य |
| श्री नैनी कुमारी खत्री | ,, ,, | सदस्य |
| श्री मीना कुमारी विष्ट | ,, ,, | सदस्य |
| श्री लिला नेपाली | ,, ,, | सदस्य |
| श्री देवराज कुमाल | | सदस्य |
| श्री पतरी दपाई | | सदस्य |
| श्री भरत कुमार मल्ल | प्रमुख प्रशासकीय अधिकृत | सचिव |

प्रस्तावहरु

१. घटनाको भत्सर्ना सम्वन्धमा

२. रिचार्ज खर्च दिने सम्वन्धमा

३. सामाजिक परिचालकको सेवा सम्वन्धमा

४. वारेशनामा सम्वन्धमा

निं.नं. १.प्रस्तानव नं. १ उपर छलफ गर्दा यस राप्ती सोनारी गाउपालिका वडा नं. ९ का वडा अध्यक्ष श्री महावीर वली लाई मिति २०७४।७।२३ गते साझ अन्दाजी ८.०० बजेको सपयमा कोहलपुर स्थित आफ्नै घरमा रहेको अवस्थामा अज्ञात समुहले ज्यान लिने उद्धेश्यले भौतिक आक्रमण गरि घाइते तुल्याइको र पेस्तोले गोली प्रहार गर्दा संयोगले मिस फायर भई घटना स्थलमै गोली भेटिएको, उक्त आक्रमण गर्ने समुह आक्रमण गरि फरार भएकोले आक्रमण गर्ने समुहलाई अबिलम्ब खोज तलास गरि कडा भन्दा कडा कारबाहीको माग गर्नुका साथै उक्त घटनाको घोर भत्सर्ना गर्ने र घाइते वडा अध्यक्ष श्री महावीर वलीको सिघ्र स्वास्थ्यलाभको कामना गर्ने निर्णय गरियो ।

निं.नं. २.प्रस्तानव नं. २ उपर छलफ गर्दा नि. नं. २. मेडिक मोवाइल संस्थाले मातृ तथा वाल स्वास्थ्यकोलागी मोवाइल सेवा कार्यक्रमको तालिम सवै महिला स्वयंय सेविकाहरुलाई दिने कार्यक्रम रहेको सो तालिम पश्याचात सो संस्थाले नै महिला स्वयंसेविकालाई निशुल्क सिम र मोवाइल वितरण गर्ने भएकोले सो कार्यक्रमलाई यस गाउपालिकामा प्रभावकारी रुपमा संचालन गर्न यस गाउपालिकामा रहेका सबै महिला स्वयं सेविकाहरुलाई मासिक रु.१००। का दरले मोवाइल रिचार्ज संचार खर्चशिर्षकमा छुट्याएको बजेट बाट दिने निर्णय गरियो ।

निं.नं. ३.प्रस्तानव नं. ३ उपर छलफ गर्दा विभिन्न वडा कार्यालयहरुमा एल जि सि डि पि अन्तरगत कार्यरत सामाजिक परिचालकको म्याद २०७४ कार्तिक मसान्त सम्म मात्र भएको निजहरुले आफुलाई तोकिएको काम लगायत वडा कार्यालयमा रहि सहायकको काम समेत गरि रहेकोले निजहरुले काम नगर्दा वडा कार्यालयहरुको काममा बाधा पर्ने भएको हुँदा कार्यरत समाजिक परिचालकहरुलाई यथावतरुपमा काम लगाई मासिक रु. १५०००। दरले पारिश्रमिक दिने गरि २०७५ असार मसान्त सम्मको लागी गाउसभाबाट समाजिक परिचालको निरन्तरताको लागी विनियोजन भएको बजेटबाट खर्च गर्ने गरी करार सम्झौता गर्ने निर्णय गरियो ।

नि.नं. ४. प्राकृतिक श्रोतको ठेक्का पट्टा लगाउने सम्वन्धमा गाउपालिकाको निर्णय बमोजिम जिल्ला समन्वय समितिको नाममा उच्च अदालत तुल्सीपुर नेपालगंज इजलासमा रिट निवेदन दिई विचाराधिन अवस्थामा रहेको र सो मुद्दा दायर गर्ने तारिख थाम्ने लगायत काम को लागी उपाध्यक्ष श्री धनी कुमारी खत्री लाई जिम्मेवारी दिई खटाई पठाएकोमा हाल सम्म पनी मुद्धा फैसला नभएकोले गाउपालिकाबाट तारिख लिने कामको लागी अधिवक्ता श्री गणेश थारुलाई बारेशनामा दिने निर्णय गरियो ।

